# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या: ०७५।७६ मितिः २०७५।१२।०८

च.नं :

श्री प्रमुखज्यू,
दुर्गाथली गाउँपालिका,
बझाङ ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट दुर्गाथली गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.५७ लाख ०३ हजार बेरुजू देखिएको छ । सोमध्ये नियमित गर्नुपर्ने रु.२८ लाख ६० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१९ लाख र पेश्की रु.९ लाख ४४ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता तयार गर्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।५।३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ९ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# दुर्गाथली गाउँपालिका
# लेखापलरीक्षण प्रतिवेदन
# ०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उदेश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु गाउंपालिकाको उदेश्य रहेको छ । यो गाउँपालीका अर्न्तगत ९ वडा रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७४।०७५ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

## दुर्गाथली गाउँपालिका

| | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | १३७२९७४६५.३२ | |
| | क) नगद | ० | | २ | **पूँजीगत खर्च** | ८६०७२३५४.४५ | |
| | ख) बैंक | ५३२६२७४.१२ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १९८४७७.४४ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | १२३१०५०००.०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | ७८४९२०००.०० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | | |
| | घ) विशेष अनुदान | | | ६ | **कोष खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **मौज्दात** | | |
| | क)वित्तीय समानीकरण अनुदान | | | | क) नगद मौज्दात | ० | |
| | ख) सशर्त अनुदान | | | | ख) बैंक मौज्दात | १६४८२६२६.७६ | |
| | ग) समपूरक अनुदान | | | | संघीय संचित कोषमा फिर्ता | ३४७५९०४.९४ | |
| | घ) विशेष अनुदान | | | | संघीय संचित कोषमा बेरुजुमा फिर्ता | १३०००००.०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | धरौटी बैंक मौज्दात | ९७५९७.५० | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | बैंकवाट स्टेटमेन्टमा खर्च उल्लेख | ४००.०० | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | | | |
| १० | **धरौटी आय** | ९७५९७.५० | | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय (बिभिन्न ब.उ.सि.नं)** | ३७५०७०००.०० | | | | | |
| | **जम्मा** | **२४४७२६३४९.०६** | | | **जम्मा** | **२४४७२६३४९.०६** | |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यक्रम स्वीकृत गर्ने र अख्तियारी प्रदान गर्ने सम्वन्धमा उक्त व्यवस्थाको पालना गरी वित्तिय जवाफदेहिता सुदृढ गर्नुपर्ने देखिएको छ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्थालाई पालना गरी समयमानै निर्माण तथा सेवा प्रवाह सम्वन्धि कार्यलाई व्यवस्थीत गर्नुपर्ने देखिएको छ । | |
| ३. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये  अधिकांस आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण पेश गरेको देखिएन । | |
| ४. | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम  २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कुल खर्च रु. ८,५४,७३ हजारमध्ये प्रथम चौमासिकमा ९ प्रतिशत, दोश्रो चौमासिकमा ३१ प्रतिशत र तेश्रो चौमासिकमा ६० प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा २७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । यस्तो अवस्थामा सुधार गरी खर्च प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ। | |
| ५. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउंपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ  । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउंपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ६. | **कर्मचारी व्यवस्था** : निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । गाउंपालिकामा अधिकृत स्तर देखि कार्यालय सहयोगी सम्म विभिन्न सेवाको गरी.१ जना स्थायी र .३ जना करारमा गरी ४ जना प्राविधिक र ७ जना अप्राविधिक कर्मचारी कार्यरत रहेको देखियो । थोरै वजेटका स– साना कार्यक्रम ठुलो संख्यामा सञ्चालन हुने र अधिकांश कार्यक्रम निर्माणकार्य संग सम्बन्धित देखिएकोमा फिल्डमा खटिने सिभिल तर्फको प्राविधिक कर्मचारीमा कामको बोझ अत्याधिक हुने देखिएको छ । साथै गाभिएर आएका कार्यालयका कर्मचारीको दरबन्दी रहने स्थान यकिन भइ नसक्दा गाउंपालिकाको स्थिर दरबन्दी कायम हुन सकेको समेत देखिएन । यस्तो अवस्थामा सुधार हुने गरी जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिएको छ । | |

७. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख आंशिक रुपमा राखेको भएपनि बेरुजुको लगत अद्यावधिक गरेको छैन । सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत वितरण गरेको भत्ताको अधिकांश भरपाईमा औंठाछाप मात्र लगाई बुझेको देखिएकोमा सम्वन्धित जिम्मेवार पदाधिकारीले वास्तविक वितरणको अवस्था यकिन गर्नुपर्ने देखिएको छ । समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार नहुनाका साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन ।

८. **सम्पत्ति लेखांकन :** गाउंपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिएको छ ।

९. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउंपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले विभिन्न आपूर्तिकर्तासँग सामान तथा सेवा खरिद गर्दा अग्रिम आयकर कट्टी गरेको समेत पाइएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ ।

१०. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०६९ को १९ (२) मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गा.वि.स. तथा गाउंपालिकाले उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन । गाउंपालिकाका वडाहरुले देहाय अनुसारको रु. १,२५,०३,४००.०० सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सो व्यवस्थाको आंशिक रुपमा मात्र पालना गरेको देखियो । कार्यविधिमा उल्लेखित प्रावधान पूर्ण रुपमा पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

| वडा नं | सामाजिक सुरक्षा रकम | | |
|---|---|---|---|
| | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक |
| १ | | १९२१६०० | १९६५००० |
| २ | | २१३२८०० | २११४८०० |
| ३ | | १४६२४०० | १४५४४०० |
| ४ | ७०६१६०० | ३०५५४०० | |
| ५ | | १५६३६०० | १४७८८०० |
| ६ | | ९०८००० | ८१९००० |
| ७ | ४१३०४०० | १६८४८०० | १६१६००० |
| **जम्मा** | **१११९२०००** | **९६७३२००** | **१२५०३४००.००** |

**पञ्जिकरण अभिलेख :** गाउँपालिकाले सम्बन्धित वडा सचिवले उपलब्ध गराएको विवरणका आधारमा पेश्की दिई प्राप्त भरपाई तथा फाँटवारीको आधारमा पेश्की फछ्यौट गरेको पाइयो । पञ्जिकरण अभिलेख अद्यावधिक भए नभएको परिक्षण गर्न मृत्यु दर्ता अभिलेख रजिस्टर माग गरिएकोमा पेश हुन आएन । त्यसैले मृत्यु भईसकेका लाभग्राहीको नाममा रकम निकाशा एवं वितरण भए नभएको यकिन गर्न सकिएन ।

११. **नापी किताव** : निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताब (म.ले.प.फा.नं. १७१) मा उल्लेख गर्नुपर्ने गरि महालेखापरीक्षकबाट स्वीकृत गराइ महालेखा

नियन्त्रक कार्यालयले लागु गरेको छ । उक्त किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था रहेकोमा कार्यालयले तयार गरेको नापी कितावमा अधिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी राख्ने गरेको नदेखिएकोले खर्च भएको वास्तविक परिमाण र रकम तथा बांकी परिमाण र रकमको अवस्था एकिन गर्न सकिने आधार देखिएन ।

१२. **रसिद नियन्त्रण खाता :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा अन्तिम लेखापरीक्षण हुदा सरकारी नगदीको लगत कार्यालय प्रमुखले अद्यावधिक गर्न लगाउने तथा हानी नोक्सानी हुन गएको भए अशुल उपर गराउनुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा राजस्व आम्दानीको लेखा महालेखापरीक्षकको कार्यालयबाट तोकिएको ढांचामा अद्यावधिक गरी राख्नुपर्ने र लेखा संग भिडान हुने प्रमाण कागजात सिलसिलेवार रुपमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले रसिद नियन्त्रण खाता अद्यावधिक नगरेकोले रसिद बाट भएको आम्दानीको अवस्था यकिन हुन सकेन । यस वर्ष रु. १,९८,४७७.४४ राजस्व आम्दानी भई दाखिला भएको देखिएकोमा उक्त आम्दानीमा केही नगदी रसिदको आम्दानी समावेश भएको छैन । ती नगदी रसिद संकलन गरी त्यसबाट भएको आय यकिन गरी राजस्व दाखिला गराउनुपर्ने देखिएको छ ।

१३. **योजना व्यवस्थापन :** वार्षिक गाउंपालिका विकास योजना २०७४।७५ को अध्ययन गर्दा गाउंपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएका देखिएको छ । गाउंपालिकाले देहाय अनुसार भौतिक पूर्वाधार, प्रवर्धनात्मक कार्यक्रम, गाउंपालिका अनुदान र नगर क्षेत्र पूर्वाधार कार्यक्रममा समेत गरी रु. ८,३८,०० हजारको निर्माण योजना र कार्यक्रम स्वीकृत गरी अधिकांस योजना सम्पन्न गरेको छ । यस्ता योजना मध्ये रु. १ लाख भन्दा साना योजना ११० वटा, १ देखि २ लाख सम्मका योजना ५७ वटा, २ देखि ३ लाख सम्मका योजना २० वटा, ३ देखि ४ लाख सम्मका योजना २२ वटा, ४ देखि ५ लाख सम्मका योजना १६ बटा, ५ देखि १० लाख सम्मका योजना १८ वटा र १० लाख भन्दा माथिका योजना १२ वटा सञ्चालन गरेको देखिएको छ । निर्माण सम्झौता संख्या धेरै हुंदा कार्यालयको जनशक्ति वर्षैभरी निर्माण कार्य व्यवस्थापनमा लाग्नु परेको देखिन्छ । त्यस्तै निर्माण सम्झौताको आधारमा विश्लेषण गर्ने हो भने प्रविधिक कर्मचारीले प्रत्येक सम्झौताका कार्यमा पुरा समय दिएर कार्य गर्न सक्ने अवस्था नदेखिदा कार्यको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । निर्माण कार्य सम्झौता आर्थिक वर्षको अन्तसम्ममा पनि भइरहने गर्नाले निर्माण कार्य व्यवस्थापन आर्थिक कार्यविधि नियमावली, २०६४ अनुरुप प्रथम चौमासिकमा नभई आषाढसम्म पनि भइरहेको देखिन्छ । यस सम्बन्धमा गाउंपालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

| विवरण | गा.पा | बडा १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ लाख सम्मका | ३५ | २३ | १२ | ८ | ८ | १२ | २ | १० | ११० |
| १ देखि २ लाख सम्मका | १९ | ११ | ४ | ५ | ३ | ७ | ४ | ४ | ५७ |
| २ देखि ३ लाख सम्मका | ५ | ७ | २ | २ | ० | १ | ० | ३ | २० |
| ३ देखि ४ लाख सम्मका | ६ | २ | ४ | १ | २ | ४ | ० | ३ | २२ |
| ४ देखि ५ लाख सम्मका | ६ | ३ | १ | ० | २ | १ | ३ | ० | १६ |
| ५ देखि १० लाख सम्मका | ६ | २ | १ | ० | ४ | १ | ३ | १ | १८ |
| १० लाख भन्दा बढिका | २ | ० | २ | २ | १ | २ | १ | २ | १२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **कुल जम्मा** | ७९ | ४८ | २६ | १८ | २० | २८ | १३ | २३ | २५५ |

१४. **टुक्रे खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (९) २ मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले यस वर्ष देहाय अनुसारको रु. ११,७८,७६२.०० को खरिद गर्दा ऐनको दफा ६ मा उल्लेख भए अनुसारको खरिद योजना समेत तयार नगरी सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रे खरिद गर्ने कार्यमा सुधार गर्नुपर्ने देखिएको छ । केही उदाहरण निम्न छन् ।

| भौ. नं. | सामान । कार्य | आपूर्ति कर्ता | भुक्तानी (रु) |
|---|---|---|---|
| ४/०७४/०६/०८ | लेटर प्याड लगायतका स्टेश्नरी सामान | उरै सुर्मा अफसेट प्रेस, स्टेश्नरी एण्ड सप्लार्यस | १४७७४७.०० |
| ५४/०७४/०९/१६ | औषधी खरिद | तिवारी मेडिसिन डिस्ट्रीब्युर्टस, धनगढी | २७००००.०० |
| १९५/०७५/०३/१४ | औषधी खरिद | यशोधा फर्मा, धनगढी | २९२४६३.०० |
| १९६/०७५/०३/१४ | कार्यालय स्टेश्नरी सामाग्री | ब्याँस ब्रर्दस पसल | ५७९००.०० |
| २१०/०७५/०३/१८ | लेटर प्याड लगायतका स्टेश्नरी सामान | उरै सुर्मा अफसेट प्रेस, स्टेश्नरी एण्ड सप्लार्यस | ३५२०५२.०० |
| २३९/०७५/०३/२० | कार्यालय स्टेश्नरी सामाग्री | ज्योती स्टोर्स | ५८६००.०० |
| | **जम्मा** | | **११७८७६२.००** |

१५. **जाफ्रिभलाने विद्युत :** जाफ्रिभलाने विद्युत योजनाको अन्तिम विल भुक्तानी दिएको गो. भौ. नं. ४४।०७५।०३।१८ का साथ संलग्न अन्तिम विल समेतका आधारमा कुल खर्च रु. २०,३३,५३१.५७ मध्ये अन्तिम विलको रु. ४,५३,२००.७० उपभोक्ता समितिलाई भुक्तानी दिएको देखियो । अन्तिम विलमा माटो खन्ने कार्यको रु. ४२,३७०.५७ र १० थान विद्युत पोल र तार समेतको गरी भुक्तानी भएको छ । अघिल्लो भुक्तानीमा ६० थान विद्युत पोल ५ हजार मिटर केवुल र अन्य जडान सामाग्री समेत रु. १५,८०,३३०.८८ को सामाग्री प्राप्त गरी जडान भइसकेको देखिएपनि विस्तृत विवरण खुल्ने गरी नापी किताब तयार भएको छैन । यसबाट लागत अनुमान अनुसारको तोकिएको संख्या र परिमाणमा सामाग्री प्राप्त भई जडान भएको छ भन्ने कुरामा आश्वस्त हुने आधार देखिएन । सामानको प्राप्ती र जडानको अवस्था अनुगमन गरी सामाजिक परीक्षण समेत गरी वास्तविक कार्यप्रगतिको अवस्था यकिन गर्ने तर्फ गाउँपालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

१६. **झोता जुइला रकैल सडक :** कार्यालयले गो. भौ. नं. २५।०७५।०३।१७ बाट झोता जुइला रकैल सडक निर्माण कार्यमा रु. १९,००,०००.०० पेश्की फछ्र्यौट समेत गरी रु. ३८,००,०००.०० खर्च लेखेको छ । सडक निर्माण उपभोक्ता समितिलाई पेश्की फछ्र्यौट गरी रकम भुक्तानी गर्दा उपभोक्ता समितिको विल र नापी किताब संलग्न गरेको देखिएन । निर्माणको वास्तविक अवस्थाको नापजांच नभई अग्रिम भुक्तानी भएको देखिएको छ । यस्तो अवस्थामा सुधार गरी नापजांच पछि नापी र स्रेस्ता कागजात कायम गरेर मात्र भुक्तानी फरफारक गर्नुपर्ने देखिन्छ । यसै कार्यमा भौ. नं. ०४।०७४।११।२८ बाट लागत अनुमानको ५० प्रतिशतले हुने रु. १९,००,०००.०० पेश्की दिएको देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) को सम्झौता रकमको एक तिहाई सम्म मात्र पेश्की दिन सकिने व्यवस्था प्रतिकुल हुनेगरी पेश्की प्रदान गरेको नियमित देखिएको छैन । यस्तो अवस्थामा सुधार हुनुपर्दछ ।

१९०००००.००

१७. **समपुरक कोष :** गाउँपालिकाले वजेट स्वीकृत गर्दा खर्च शिर्षक नखुल्ने समपुरक कोषमा रु. ४५ लाख वजेट विनियोजन गरी राहत तथा उपचार खर्च, पदाधिकारको पारिश्रमिक तथा सुविधा खर्च जस्ता क्षेत्रमा खर्च गर्दै आएको देखिन्छ । गो. भौ. नं. ७८।०७५।०३।२५ बाट वडा नं. १ का ३३ जनालाई जनही रु. ३,०००.०० र १ जनालाई रु. १,०००.०० का दरले जम्मा रु. १,००,०००.०० जस्तै गरी अन्य वडा र गाउँपालिकाले समेत समपुरक कोषबाट खर्च लेख्ने गरी राहत वितरण गरेको देखियो । पटक पटक निर्णय गरी खर्च गर्ने गरी अवण्डा रकम कोषमा कायम गर्ने र सुविधाका आधारमा खर्च गर्दा उपलब्धिमुलक र दिगो लाभ प्राप्त हुने क्षेत्रमा खर्च नहुने अवस्था देखिएको छ । रकम अवण्डा राखि खर्च गर्ने कार्यमा सुधार गर्ने तर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

१८. **जुइलगाड दोश्रो लघु जलविद्युत :** चालु वर्षमा कार्यालयले गाउँपालिकाको वार्षिक कार्यक्रम र वजेटमा समावेश गरी रु. १९,६२,३४३.०९ लागत अनुमानको जुइलगाड लघु जलविद्युत योजनामा कार्य सम्पन्न भएको देखाई रु. १९,६४,१५२.३३ भुक्तानी गरेको छ । नहर मर्मत वापत उक्त रकम खर्च गरी गाउँपालिकाले भुक्तानी गरेकोमा सोही योजनामा वडा नं. ३ ले

पुनः ४,००,०००.०० र वडा नं. ४ ले रु. ४,००,०००.०० समेत गरी जम्मा रु. २७,६४,१५२.३३ खर्च भएको देखिन्छ । योजनाको एकिकृत नापी तयार नभएको र गाउँपालिका र वडाबाट छरेर खर्च गरको कारण कुन वजेट बाट कति खर्च भएको छ र खर्च प्रभावकारी क्षेत्रमा भए नभएको अनुगमन गर्न समेत समस्या हुने देखिएको छ । अतः एकिकृत लागत तयार पारी एकमुष्ट निर्माण गर्ने तथा निर्माण कार्यको एकिकृत नापी गरी व्यवस्थित अभिलेख कायम गरी खर्च प्रणाली पारदर्शि र नतिजामुलक वनाउनुपर्ने देखिएको छ ।

१९. **मौरिवगर पाथिभेरा सडक :** कार्यालयले लागत अनुमान रु. ५९,२३,८२९.२० को मौरिवगर पाथिभेरा निर्माण सम्पन्न प्रतिवेदनका आधारमा रु. ५९,२१,३१०.९५ भुक्तानी दिएको देखियो । भुक्तानीको विल परीक्षण गर्दा कुल खर्चमध्ये  माटो काट्ने कार्यमा रु. ५७,२०,४१९.७० र ढुंगाको पर्खाल लगाउने कार्यमा रु. २,००,८९१.२५ खर्च भएको देखिन्छ । यसबाट संरचनाको काम कुल खर्चको ३.४० प्रतिशत मात्र भएको छ । मेसिनरी वाल, ग्यावियन जस्ता संरचनाको काम अत्यन्त कम राखि वाटो निर्माण गर्दा वाटोको दिगोपना कम हुने देखिएको छ । वाटो दिगो रुपमा संचालन गर्न लम्वाई वढाउने भन्दा टिकाउ र स्थीर वाटो निर्माण गर्ने तर्फ समेत सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिएको छ ।

२०. **विल भरपाई पेश नभएको :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा वजेट  सिमा भित्र रही खर्च गर्नुपर्ने र प्रमाणित विल भरपाई संलग्न गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसार विभिन्न व्यक्तिहरुलाई आर्थिक वर्षको अन्त्यमा भुक्तानी दिएको एवं पेश्की फछ्यौट गरेको पाइयो । ३५५०००.००

| **क्र. सं.** | **भौ. नं.। मिति** | **विवरण** | **भुक्तानी (रु)** |
|---|---|---|---|
| १ | २४५।०७५।०३।२० | अनुगमन मुल्याङ्कन खर्च | ८७०००.०० |
| २ | ३०९।०७५।०३।३१ | पे. फ. राजेन्द्र बहादुर थापा | १२००००.०० |
| ३ | ३१०।०७५।०३।३१ | पे. फ.महेश जोशी | १२८०००.०० |
| ४ | ३११।०७५।०३।३१ | पे. फ.महेश जोशी | २००००.०० |
| | | **जम्मा** | ३५५०००.०० |

उल्लेखित खर्च प्रमाणित गर्ने फाँट्वारी तथा विल भरपाई भौचरका साथ संलग्न नगरी खर्च लेख्ने उद्देश्यले मात्र भुक्तानी दिएको एवं पेश्की फछ्र्यौट गरेको नियमित देखिएन ।

२१. आर्थिक प्रशासन नियमावली, २०६४ मा सरकारी रकम खर्च गर्ने विधि सम्वन्धि व्यवस्था तथा आयकर ऐन, २०५८ मा भुक्तानीमा करकट्टी गर्नुपर्ने व्यवस्था छ  । कार्यालयबाट देहाय अनुसारको भुक्तानीमा करकट्टी नभएको तथा खर्च नियमित नभएको गरी रु. २५,०४,६५२.५० भुक्तानी भएको भनि आन्तरिक लेखापरीक्षणले कायम गरेका व्यहोरा लेखापरीक्षण अवधि सम्म फछ्र्यौट भएको देखिएन । उक्त रकमका सम्बन्धमा देहायमा उल्लेख भए अनुसार अशुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने वा प्रमाण पेश गर्नुपर्ने वा नियमित गर्नुपर्ने देखिएको छ । २५०४६५२.५०

| **गो. भौ नं.** | **मिति** | **व्यहोरा** | **कानुनी व्यवस्था** | **सम्बन्धित व्यक्ति** | **सुझाव** | **(रु)** |
|---|---|---|---|---|---|---|
| १६८ | २०७५/०२/०८ | आर्थिक सहयोग वितरणको आधार पेश गर्नुपर्ने | आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ | सरोज दौल्याल | नियमित गर्नुर्पर्ने | १०००००.०० |
| १७६ | २०७५/०२/२० | आर्थिक सहयोग वितरणको आधार पेश गर्नुपर्ने | आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ | पार्वती सोती | नियमित गर्नुर्पर्ने | १०००००.०० |
| ३१२ | २०७५/०३/३१ | अग्रिम आयकर दाखिला गर्नुपर्ने | आयकर ऐन, २०५८ | ऐन बहादुर दौल्याल | अशुल गर्नुपर्ने | २२८०.०० |
| ३१५ | २०७५/०३/३१ | अग्रिम आयकर र बहालकर दाखिला गर्नुपर्ने | आयकर ऐन, २०५८ | दल बहादुर धामी | अशुल गर्नुपर्ने | १६३००.०० |
| ३१६ | २०७५/०३/३१ | अग्रिम आयकर र बहालकर दाखिला गर्नुपर्ने | आयकर ऐन, २०५८ | राम बहादुर जप्रेल | अशुल गर्नुपर्ने | २८८०.०० |
| ३१७ | २०७५/०३/३१ | अग्रिम आयकर र बहालकर दाखिला गर्नुपर्ने | आयकर ऐन, २०५८ | दिपकराज सोती | अशुल गर्नुपर्ने | ३०००.०० |
| | | वितरण मुखी भ्रमण विल नियमित गर्नुपर्ने | भ्रमण खर्च नियमावली, द्दण्टद्ध | वडा १ देखि ७ का वडा अध्यक्ष | नियमित गर्नुर्पर्ने | ६०९०००.०० |
| ३०७ | | जनप्रतिनिधिको पोशाक भत्ता | नीतिगत व्यवस्था स्पष्ट नभएको | जनकराज मिश्र पे. फ. | नियमित गर्नुर्पर्ने | २७९५७५.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४७ | | विद्यालयलाई रकम दिइएको | आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ | | नियमित गर्नुपर्ने | १०००००.०० |
| ४२ | २०७५/०२/०९ | आधार प्रमाण पेश नभएको | आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ | बलराम धामी | नियमित गर्नुपर्ने | ५००००.०० |
| | | आर्थिक सहयोग वितरणको आधार पेश गर्नुपर्ने | आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ | ऐन बहादुर दौल्याल | नियमित गर्नुपर्ने | ६७२०००.०० |
| ५५ | २०७५/०२/२८ | आर्थिक सहयोग वितरणको आधार पेश गर्नुपर्ने | आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ | राम दौल्याल | नियमित गर्नुपर्ने | २००००.०० |
| ६६ | २०७५/०२/३१ | अपाङ्गलाई सहयोग वितरणको आधार पेश गर्नुपर्ने | आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ | ऐन बहादुर दौल्याल | नियमित गर्नुपर्ने | १०००००.०० |
| ६७ | २०७५/०३/३१ | बाढी पिडीत सहयोग वितरणको आधार पेश गर्नुपर्ने | आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ | ऐन बहादुर दौल्याल | नियमित गर्नुपर्ने | १०००००.०० |
| ७१ | २०७५/०३/१४ | खर्चको प्रमाण पेश नभएको | आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ | ऐन बहादुर दौल्याल | नियमित गर्नुपर्ने | २७५००.०० |
| ७२ | २०७५/०३/१४ | खर्चको प्रमाण पेश नभएको | आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ | ऐन बहादुर दौल्याल | नियमित गर्नुपर्ने | १५००००.०० |
| ८१ | २०७५/०३/३१ | खर्चको प्रमाण पेश नभएको | आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ | राजेन्द्र बहादुर थापा | नियमित गर्नुपर्ने | १०००००.०० |
| ८२ | २०७५/०३/३१ | अग्रिम आयकर दाखिला गर्नुपर्ने | आयकर ऐन, २०५८ | राजेन्द्र बहादुर थापा | अशुल गर्नुपर्ने | १२३७५.०० |
| १० | २०७५/११/०२ | मु. अ. कर दाखिला गर्नुपर्ने | मु अ कर ऐन र नियमावली | विक्रम बहादुर भण्डारी | अशुल गर्नुपर्ने | १७१६७.५० |
| १२ | २०७५/११/०२ | मु. अ. कर दाखिला गर्नुपर्ने | मु अ कर ऐन र नियमावली | लोकेन्द्र बहादुर थापा | अशुल गर्नुपर्ने | ७६९५.०० |
| २१ | २०७५/०९/२३ | बहालकर दाखिला गर्नुपर्ने | आयकर ऐन, २०५८ | सुकलराज खैर | अशुल गर्नुपर्ने | २७५००.०० |
| ६१ | २०७५/११/२८ | मु. अ. कर दाखिला गर्नुपर्ने | मु अ कर ऐन र नियमावली | जनक बहादुर विष्ट | अशुल गर्नुपर्ने | ७३८०.०० |
| | | | | **जम्मा** | | **२५०४६५२.५०** |

उल्लेखित बेरुजुको थप विवरण आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समेत हेर्न सकिने ।

२२. **पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२ (३) मा दिएको पेश्की तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनुपर्ने व्यवस्था छ । गाउंपालिकाले निम्न अनुसारका व्यक्ति तथा निकायलाई योजना तथा कार्यक्रम सञ्चालन गर्न दिएको पेश्की फछ्र्यौट गरेको देखिएन । नियमाननुसार पेश्की अशुल फछ्र्यौट हुनुपर्ने देखिएको छ । ९४४०००.००

| क्र. सं. | विवरण | पेश्की (रु) |
|---|---|---|
| १ | श्री दिपकराज सोती (वडा अध्यक्ष) | ७२०००.०० |
| २ | श्री दिपकराज सोती (वडा अध्यक्ष) | १०००००.०० |
| ३ | श्री महेश प्रसाद जोशी (वडा अध्यक्ष) | ८००००.०० |
| ४ | श्री महेश प्रसाद जोशी (वडा अध्यक्ष) | १०००००.०० |
| ५ | श्री राम बहादुर जप्रेल (वडा अध्यक्ष) | ८००००.०० |
| ६ | श्री राम बहादुर जप्रेल (वडा अध्यक्ष) | १०००००.०० |
| ७ | श्री ऐन बहादुर दौल्याल (वडा अध्यक्ष) | ४८०००.०० |
| ८ | श्री राजेन्द्र बहादुर थापा (वडा अध्यक्ष) | १०००००.०० |
| ९ | श्री दल बहादुर धामी (वडा अध्यक्ष) | १०००००.०० |
| १० | श्री धिरज बहादुर जाग्री (वडा अध्यक्ष) | १०००००.०० |
| ११ | श्री सेलगाउ सार्वजनिक शौचालय निर्माण उ. स. | २०००.०० |
| १२ | श्री भुवनेश्वरी प्राथमिक विद्यालय | ६२०००.०० |
| | **जम्मा** | **९४४०००.००** |

२३. **वित्तिय जवाफदेहिता :** महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरेको वित्तिय जवाफदेहिता मुल्याङ्कन सम्वन्धि अनुसूची ११ मा उल्लेखित ४ सूचकहरुको आधारमा विश्लेषण गर्दा यस कार्यालयको वित्तिय जवाफदेहिता मुल्याङ्कनको स्तर राम्रो ( सि ग्रेड) रहेको देखिएको छ ।

<table>
<tr><td>२४.</td><td>बेरुजू - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष नियमित गर्नुपर्ने रु. २८ लाख ६० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १९ लाख र पेश्की रु. ९ लाख ४४ हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भएको छैन ।</td><td></td></tr>
<tr><td>२५.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । गाँउपालिकाले बेरुजु फछ्र्यौट गरी सम्परीक्षणका लागि अनुरोध गरेको छैन ।<br>(रु हजारमा)
<table>
<tr><td>गत वर्षको बेरुजु रकम (रु)</td><td>यो वर्ष फछ्र्यौट(रु)</td><td>बांकी (रु)</td></tr>
<tr><td>३२१</td><td>०</td><td>३२१</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.</td><td>अद्यावधिक बेरुजू स्थिति : गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><td>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) ©</td><td>यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)</td><td>यो वर्षको कायम बेरुजू रु. (E)</td><td>बाँकी (F=C+D+E)</td></tr>
<tr><td>३२१</td><td>-</td><td>५७,०४,</td><td>६०२५</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची– १७

# स्थानीय तहतर्फको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## संघीय मामिला तथा सामान्य प्रशासन लेखापरीक्षण निर्देशनालय

## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | बझाङ | दुर्गाथली गाउँपालिका | २० | ४ | ५७०४ | ० | ० | ० | २० | ४ | ५७०४ | ९७ | ४३०८ | ३५५ | ० | ० | ४७६० | ० | ९४४ | ९४४ |

अनुसूची- १

# स्थानीय तह सञ्चित कोष विवरण

## आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :- ७**

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १ | दुर्गाथली गाउँपालिका | बझाङ | ५३२६ | १२३१०५ | ७८४९२ | ३७८०३ | २३९४०० | १३७२९७ | ८६०७२ | ४८७५ | २२८२४४ | १६४८२ |